# बन्दिपुर गाउँपालिका

# बन्दिपुर राजपत्र


बन्दिपुर गाउँपालिकाद्वारा प्रकाशित

खण्ड: ०८ संख्या:०८ मिति:२०८१/१२/०४


भाग २

## बन्दिपुर गाउँपालिका

गाउँ कार्यपालिका कार्यालयको सूचना

## विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान कार्यान्वयन निर्देशिका,२०८१

कार्यपालिकाबाट स्वीकृत मिति -२०८१/१२/०३

## विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान कार्यान्वयन निर्देशिका, २०८१

बन्दीपुर गाउँपालिका क्षेत्र भित्र प्रारम्भिक बाल कक्षा देखि कक्षा १२ सम्मको विद्यालय शिक्षालाई गुणस्तरीय र समयानुकूल बनाउन दुई वा दुई भन्दा वढी विद्यालयहरुलाई एउटा विद्यालयमा गाभी विद्यालय समायोजन र विद्यार्थी संख्याको अनुपातमा शिक्षक व्यवस्थापन गर्न दरबन्दी मिलान सम्बन्धी कार्यलाई व्यवस्थित रूपमा अगाडि बढाउनका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को (ज) र गाउँशिक्षा ऐन, २०७५ को अधिकार प्रयोग गरी बन्दीपुर गाउँपालिकाले यो निर्देशिका जारी गरेको छ।

### परिच्छेद १

### संक्षिप्त नाम र प्रारम्भः

**१ . संक्षिप्त नाम र प्रारम्भः**

(१) यस निर्देशिकाको नाम विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान कार्यान्वयन निर्देशिका २०८१ रहेको छ।

(२) यो निर्देशिका बन्दीपुर गाउँपालिका अन्तर्गतका सम्पूर्ण सामुदायिक र संस्थागत गरी दुवै प्रकारका विद्यालयको हकमा लागू हुनेछ ।

**२. विषय वा प्रसगलेअर्को अर्थ नलागेमा निर्देशिकामाः**

(क) मन्त्रालय भन्नाले शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ ।

(ख) विभाग भन्नाले शिक्षा तथा मानवत विकास केन्द्र सम्झनु पर्छ।

(ग) ऐन भन्नाले शिक्षा ऐन २०२८ सम्झनु पर्दछ ।

(घ) नियमावली भन्नाले शिक्षा नियमावली २०५९ (संशोधन सहित) सम्झनु पर्दछ ।

(ङ) गाउँ शिक्षा ऐन भन्नाले बन्दीपुर गाउँपालिकाको शिक्षा ऐन, २०७५ सम्झनु पर्छ ।

(च) विद्यालय समायोजन भन्नाले बन्दीपुर गाउँपालिकाको शिक्षा ऐन, २०७५ को दफा १६ को उपदफा ३ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को ज अनुसार दुई वा दुई भन्दा

बढी विद्यालयहरू एक आपसमा गाभ्ने वा एक आपसमा गाभी नयाँ विद्यालय स्थापना गर्ने वा विद्यालयको तह वा कक्षा घटाउने बढाउने वा विद्यालय बन्द गर्ने समेतको कार्यलाई जनाउँछ ।

(द) दरबन्दी मिलान भन्नाले विद्यार्थी संख्या कम भई विद्यालय समायोजन भएका र यस निर्देशिका बमोजिम शिक्षक विद्यार्थी अनुपात कम भएका शिक्षकहरुलाई दरबन्दी कम भएका वा कुनै प्रकारको दरबन्दी नभएका विद्यालयहरुमा व्यवस्थापन गर्ने कार्यलाई सम्झनु पर्दछ।

(ज) गाउँपालिका भन्नाले बन्दीपुर गाउँपालिकालाई सम्झनु पर्दछ ।

(झ) गाउँ शिक्षा समिति भन्नाले बन्दीपुर गाउँपालिकाको शिक्षा ऐन, २०७५ को दफा २४ बमोजिम गठन भएको समितिलाई सम्झनु पर्दछ ।

## परिच्छेद -२

## विद्यालय समायोजन सम्बन्धी व्यवस्था

### ३ विद्यालय समायोजन सम्बन्धी कार्यविधि :

(१) यो निर्देशिका प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका विद्यालय मध्ये एक विद्यालय अर्को विद्यालयको नजिक दूरीमा रहेर सीमित जनसङ्ख्यालाई सेवा पुर्याएका तर आधारभूत विद्यालय (कक्षा १-३ वा १-५ वा १-८ विद्यालयका रूपमा सञ्चालन गर्नका लागि न्यूनतम आधारहरू पनि पुरा हुन नसक्ने विद्यालयलाई नजिकको विद्यालयसँग गाभी सचालनमा ल्याइनेछ ।

(२) माध्यमिक तह (कक्षा ९-१० वा ९-१२ सञ्चालनमा रहेका विद्यालयहरूका लागि पनि यो व्यवस्था लागू हुनेछ।

(३) विद्यालय समायोजन वा गाभ्ने सम्बन्धी ऐन तथा नियमावली र यस निर्देशिकाको व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा कुनै द्विविधा भएमा गाउँपालिकाले निर्णय प्रकृयामा सरलीकृत गर्ने छ।

(४) विद्यालय समायोजन र दरबन्दी मिलानका लागि आवश्यक सहयोग जुटाउन गाउँपालिकाले सम्बन्धित निकायहरूसंग समन्वय र सहकार्य गर्नेछ ।

(५) गाउँपालिकाले विद्यालय समायोजन र दरबन्दी मिलानका कार्यक्रमको अनुगमन, मूल्याइन तथा उपलब्धिको समीक्षा गरी आगामी कार्यक्रमलाई मार्ग निर्देशन गर्न सक्नेछ ।

(६) विद्यालय समायोजनका आधारहरुः

(१) ऐनको दफा १६ को उपदफा १ र स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ले दिएको अधिकार प्रयोग गरी गाउँशिक्षा समितिले दुई वा दुईभन्दा बढी सामुदायिक विद्यालयहरुलाई गाभी एउटा

विद्यालयमा कायम गर्न वा स्थान परिवर्तन गर्न वा तह तथा कक्षा घटाउन देहायको आधारमा गर्न सकिने छः

(क) दुई वा सोभन्दा बढी विद्यालयको परीसर एक आपसमा जोडिएको,

(ख) दुई वा सोभन्दा बढी विद्यालय बीचको पैदल दूरी ३० मिनेट भन्दा कम रहेको

(ग) कुनै विद्यालयमा देहायको विद्यार्थी सङ्ख्या कायम नरहेमा र भविष्यमा पनि उक्त विद्यार्थी सङ्ख्या पुग्ने पर्याप्त आधार नदेखिएमा

| क स | कक्षा | न्यूनतम विद्यार्थी संख्या | कैफियत |
|---|---|---|---|
| १ | बाल बिकास कक्षा | ५ | |
| २ | १-३ | १० | |
| ३ | १-५ | २० | |
| ४ | ६-८ | ३० | |
| ५ | ९-१० | ३० | |
| ६ | ११ -१२ | ३० | |

तर नजिकको दूरीमा अन्य विद्यालय नभएको तथा अलग्गै वस्ती भएको भौगोलिक विकटता भएमा त्यस्तो विद्यालय र दुरी आधा घण्टा भन्दा कम भएको तर न्यूनतम विद्यार्थी संख्या पुगेमा विद्यालय गाभ्न बाध्य पारिने छैन।

(घ) नजिकको दूरीमा रहेका र आपसमा गाभीएर उच्च तहको विद्यालयको हैसियत प्राप्त गर्न चाहने दुई वा सोभन्दा बढी विद्यालय ।

(ङ) जनसङ्ख्या वृद्धि दर कम भएको जनसङ्ख्या वृद्धि घट्दो दरमा भएको र भविष्यमा पनि जनसङ्ख्या नचढ्ने खालको समुदायमा स्थापना भएका दुई वा सोभन्दा बढी विद्यालयहरु ।

(च) भौगोलिक रुपले विकटता नभएको अवस्था ।

(इ) दुई वा दुई भन्दा बढी विद्यालय गाभी  नयाँ विद्यालय स्थापना गर्न ठाउँ परिवर्तन गर्न वा तह तथा कक्षा घटाउनका लागि सम्बन्धित विद्यालय र स्थानीय तहको रायमा गाउँ शिक्षा समितिले तोकिएको स्थानमा विद्यालय स्थापना वा कक्षा तथा तह घटाउने कार्य गर्ने

(ज) विद्यालय गाभिए वा समायोजन भए पछि गाभिने विद्यालयहरूको सबै चल अचल सम्पत्तिको संरक्षण र उपयोग गर्ने अधिकार  गाँउपालिकाको हुनेछ | साथै उक्त सम्पति शिक्षा समितिको सिफारिसमा कार्यपालिको निर्णयबाट थप अन्य प्रयोजनमा लगाउन सकिने छ | यस कार्यविधि भन्दा अगाडी समायोजन भएका विद्यालयको हकमा समेत यसै कार्यविधि अनुसार गरिने छ |

(झ) खण्ड (ज) बमोजिम सम्पत्ति दाखेल खारेज भएको व्यहोराको जानकारी पालिकाले मन्त्रालय र शिक्षा विभाग समेतलाई जानकारी दिनु पर्नेछ ।

(ञ) पालिकाभित्र सञ्चालित दुई वा दुई भन्दा बढी संस्थागत विद्यालयहरुले विद्यालय गाभ्नका लागि विद्यालय व्यवस्थापन समितिको सिफारिस सहित माग मै आएमा गाउँ शिक्षा समितिले त्यस्ता विद्यालयहरुलाई गाभ्न सक्ने छ ।

(ट) उपदफा (ञ) मा जुनसुकै कुरा लेखिएको भएतापनि पालिका भित्र सञ्चालनमा रहेका संस्थागत विद्यालयहरुले गाउँशिक्षा ऐनले निर्धारण गरेको न्यूनतम पूर्वाधार पूरा नगरेमा गाउँ शिक्षा समितिले त्यस्ता विद्यालयहरुको स्थलगत अनुगमन गरी नियमानुसार न्यूनतम पूर्वाधार नभएमा  विद्यालय लाई गाब्न वा बन्द गर्न सक्नेछ।

(ठ) संस्थागत विद्यालयहरूले साविकको जिल्ला शिक्षा कार्यालय वा पालिकाबाट प्राप्त अनुमति अनुसारको तह वा कक्षा संचालन गरेको नपाईएमा गाउँशिक्षा समितिले त्यस्ता विद्यालयको सञ्चालनमा नआएको तह वा कक्षा घटाउन सक्नेछ ।

**४. दरबन्दी मिलानका आधारहरुः** गाउँ शिक्षा समितिले प्रारम्भिक बाल कक्षादेखि कक्षा ५ सम्म सवालन भएका विद्यालयमा न्यूनतम रुपमा प्रति कक्षा एक जना शिक्षक रहने गरी र माथिल्लो कक्षाहरुमा विषयगत रुपमा शिक्षक व्यवस्थापन गर्ने कार्यलाई अगाडी बढाउनेछ। शिक्षक विद्यार्थी अनुपात कम भएका शिक्षकहरुलाई दरबन्दी कम भएका वा कुनै प्रकारको दरबन्दी नभएका विद्यालयहरुमा शिक्षक व्यवस्थापन गर्न दरबन्दी मिलानका देहायका आधारहरु लिईनेछ ।

(क) दुई वा दुई भन्दा बढी विद्यालयहरु एक आपसमा गाभिएमा

(ख) शिक्षक विद्यार्थी अनुपात तपसीलको भन्दा कम भएमा

| क .स | कक्षा | न्युनतम विद्यार्थी संख्या | कैफियत |
|---|---|---|---|
| १ | १-३ | ५ | |

| | | | |
|---|---|---|---|
| २ | १-५ | ५ | |
| ३ | ६-८ | १० | |
| ४ | ९-१० | १२ | |
| ५ | ९-१२ | १५ | |

कक्षा ६-८,९-१० ,९-१२ संचालित विद्यालयमा भाषा, गणित ,विज्ञान र सामाजिक विषय अनिवार्य रहनेछ ।

(ग) यस निर्देशिकामा उल्लेखित न्यूनतम शिक्षक दरबन्दी संख्या भन्दा बढी भएका विद्यालयमा शिक्षक विद्यार्थी अनुपात देहाय बमोजिम भएमा तहगत वा विषयगत रुपमा आवश्यकताको आधारमा नजिकको उही वडाको विद्यालय वा पालिका भित्रको अन्य वडाका विद्यालयमा दरबन्दी सहित शिक्षकलाई व्यवस्थापन गरिनेछ ।

| क्र स | कक्षा | शिक्षक विद्यार्थी अनुदान |
|---|---|---|
| १ | वाल विकास केन्द्र | १:२० |
| २ | १-३ | १:१० |
| ३ | १-५ | १:१० |
| ४ | ६-८ | १:१५ |
| ५ | ९-१० | १ :१५ |
| ६ | ११ -१२ | १:१५ |

(घ) कुनै पनि प्रकारको दरबन्दी नभएका तर न्यूनतम विद्यार्थी संख्या भई सञ्चालनमा आईरहेका विद्यालयहरुमा दरबन्दी मिलानका क्रममा शिक्षक व्यवस्थापनमा प्राथमिकतामा राखिनेछ ।

(ङ) शिक्षक विद्यार्थी अनुपात कम भएका विद्यालयमा कार्यरत तहमा तोकिएको भन्दा माथिल्लो तहको योग्यता भएको शिक्षकलाई माथिल्लो कक्षा सञ्चालन भएको विद्यालयमा विषयगत रुपमा शिक्षक व्यवस्थापन हुने गरी दरबन्दी मिलान गरिने छ ।

(च) नियमावली अनुसार योगयता भएका सम्बन्धित तहको वरिष्ठ शिक्षकलाई प्रधानाध्यापकको रुपमा व्यवस्थापन गर्न विद्यालय व्यवस्थापन समितिलाई उत्तरदायी बनाइने छ। साथै सम्बन्धित तहको स्थायी र बरिष्ठ शिक्षकलाई प्रधानाध्यापक नियुक्ति गरिने छ , दरबन्दी मिलानका क्रममा समेत तह अनुसार कै प्रधानाध्यापक व्यवस्थापन गर्ने कार्यलाई समेत प्रमुख जोड दिईनेछ ।

छ) शिक्षक दरबन्दी मिलान गर्दा शिक्षकलाई पेशा प्रति थप उत्तरदायी र जवाफदेही बनाउन १०बर्ष वा सो भन्दा बढी एउटै विद्यालयमा कार्यरात शिक्षकलाई समेत तह र विषय मिल्ने गरि शिक्षक दरबन्दी मिलान गरिने छ|

**४. विद्यालयको स्तर वृद्धिका लागि हुने समायोजनः**

(१) आधारभूत र माध्यमिक विद्यालयका रुपमा हाल सञ्चालनमा रहेका तर स्तर वृद्धि गर्न आवश्यक देखिएका र समायोजनका लागि आधार पूरा नभएका विद्यालयका लागि निम्न लिखित विकल्प छनोट गर्न दिई समायोजन गरिनेछः

(क) कक्षा १–३ सम्म सञ्चालन हुने प्रारम्भिक विद्यालयका रूपमा स्तर वृद्धि गर्ने न्यूनतम आधार पूरा नभएका विद्यालयले आवश्यक भएको खण्डमा प्रारम्भिक बाल विकास केन्दको रुपमा सञ्चालन हुने विकल्प छान्न पाउनेछन्।

(ख) कक्षा १–५ सम्म सञ्चालन हुने विद्यालयका रुपमा स्तर वृद्धि गर्न आधार पूरा नभएका विद्यालयले कक्षा १-३ सम्मको प्रारम्भिक विद्यालयका रुपमा सञ्चालनमा रहन पाउनेछन्।

(ग) कक्षा १-८ सम्म सञ्चालन हुने आधारभूत विद्यालयका रूपमा स्तर वृद्धि भई सञ्चालनमा आउन आधारहरू पूरा नभएका विद्यालयले कक्षा १-५ का रुपमा सकलन हुन पाउनेछन्।

(घ) कक्षा ९-१० सम्म सञ्चालन हुने माध्यमिक विद्यालयको रुपमा स्तरवृद्धि भई सचालनमा आउन आधारहरू पूरा नभएका विद्यालयले आधारभुत विद्यालयको रुपमा सञ्चालन हुन पाउने छन्।

(ङ) कक्षा ११-१२ सम्म अनुमति / स्वीकृति लिई न्यून विद्यार्थी भई आधारभूत भौतिक सुविधा समेत नभएका विद्यालयहरू कक्षा १० सम्म माध्यमिक विद्यालयको रुपमा सञ्चालन हुन पाउने छन्।

तर दफा ४ को (ख ) बमोजिम विद्यार्थी संख्या नपुगेको खण्डमा विद्यालय गाभिने वा अन्य विद्यालयमा समायोजन सहित शिक्षक व्यवथापन गरिने छ ।

**६. समायोजन हुने  वा गाभिएका  विद्यालयको नामाकरणः**

(१) दुई वा दुई भन्दा बढी विद्यालयहरू आपसमा गाभीएर नयाँ ठाउँमा विद्यालय स्थापना हुने भएमा राष्ट्रियता स्थानियता र ऐतिहासिकता झल्किने साविकको नाम वा नयाँ नाम राख सकिनेछ तर नियमावलीको नियम १५४ को विद्यालयको नामाकरण सम्बन्धी व्यवस्था अनुसार कुनै व्यक्ति, स्मारक व ऐतिहासिक चीजवस्तुको नामवाट विद्यालयको नाम राखिएको रहेछ भने व्यक्ति, स्मारक वा ऐतिहासिक चीजवस्तुको नामबाट विद्यालयको नाम राख्नुपर्नेछ।

(२) समायोजन हुने वा गाभिने विद्यालयका सरोकारवाला समुदायले स्थानीय तह गाउँपालिकाको सिफारिसमा गाभिएको विद्यालय भवनमा शिशु कक्षा, वैकल्पिक शिक्षा, सामुदायिक सिकाइ केन्द्र वा वाचनालय वा स्थानीय तहको आवश्यकता अनुसारका अन्य कार्यालय वा कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ ।

(३) समायोजन भै  सचालनमा नरहेका विद्यालय भएको स्थानमा भविष्यमा पुनः विद्यालय सञ्चालनका लागि न्यूनतम विद्यार्थी सङ्ख्या भएमा र विद्यालय आवश्यक देखिएमा विद्यालय सचालन गर्न गाउँपालिकाले अनुमति दिन सक्नेछ।

## परिच्छेद- ३

## भौतिक, शैक्षिक व्यवस्थापन र अनुदान सम्बन्धी व्यवस्था

**७. विद्यालय समायोजन पछी  गर्नु पर्ने भौतिक व्यवस्थापनः**

(१) विद्यालय समायोजन वा गाभिएपछि उक्त विद्यालयमा रहेका फर्निचर, पाठ्यसामग्री लगायतका अन्य शैक्षिक सामग्री गाभिएको विद्यालयको नाममा जिन्सी दाखिला गर्नुपर्नेछ ।

(२) विद्यालय समायोजन वा गाभिएपछि गाभिएको विद्यालयमा रहेका शैक्षिक प्रयोजनमा काम नलाग्ने पुराना शैक्षिक सामग्री र माल सामानको विवरण तयार गरी त्यस्ता माल सामानको सालाखाला न्यूनतम् मूल्य कायम गरी आवश्यक कारवाहीका लागि विद्यालय व्यवस्थापन समितिले समर्थन गरेको मूल्यमा लिलाम गरी प्राप्त हुन आएको रकम विद्यालयको कोषमा जम्मा गर्नु पर्नेछ ।

(३) विद्यालय समायोजन वा गाभिएपछि गाभिएको विद्यालयको आय आर्जनमा प्रयोग भएका जग्गा जमिनमा कृषि, पशुपालन व्यावसायिक खेती गरिएको रहेछ भने त्यसको निरन्तरताको लागि गाभिएको विद्यालयले गाभिने विद्यालयमा योजना सहित पेश गर्नुपर्नेछ ।

(४) अनुमति वा स्वीकृति रद्द गरिएको वा बन्द गरिएको विद्यालयको चल अचल सम्पत्ति गाउँ शिक्षा समितिको सिफरिसमा नजिकको विद्यालय वा गाभिएको विद्यालयले प्रयोग गर्न पाउनेछ।

## ८. विद्यालय समायोजनपछि गर्नु पर्ने शैक्षिक व्यवस्थापनः

(१) विद्यालय समायोजन पछि वा तह वा कक्षा घटाइए पछि विद्यालयमा आवश्यक्ता भन्दा बढी भएका शिक्षक लाई गाउ शिक्षा समितिको पुल दरबन्दीमा राखी अर्को व्यवस्था नभए सम्मको लागि समायोजन भएकै वा गाभिए विद्यालयमा कामकाज गर्न लगाउन सकिने छ ।

(२) गाभिएको विद्यालयमा आवश्यक भन्दा बढी शिक्षक सङ्ख्या रहन गएमा पालिका भित्रको अन्य विद्यालयहरूमा आवश्यकताका आधरमा गाउ शिक्षा समितिको निर्णय वा सिफारिसमा पदस्थापना गरिनेछ ।

(३) विद्यालय समायोजन गर्दा बन्द भएका स्वीकृत प्राप्त विद्यालय तहगत सङ्ख्या गाउँपालिकाको पुलमा रहने |त्यसरी पुलमा रहेको विद्यालय सङ्ख्यामा नबढाई गाउँपालिका भित्र नक्साङ्कनका आधारमा विद्यालय खोल्न आवश्यक देखिएमा र पुर्वाधार पूरा भएको खण्डमा गाउँ शिक्षा समितिले विद्यालय सञ्चालनको लागि अनुमति/सिफारिस गरी कार्यपालिका बाट अनुमति दिन सक्नेछ ।

## ९. विद्यालय समायोजन पछी गर्नु पर्ने अन्य व्यवस्थापनः

(क) विद्यालय समायोजन पछि समायोजन भई जाने विद्यालयको कर्मचारी समेत स्वतः समायोजन भएको मानिनेछ। समायोजन हुने विद्यालयको कर्मचारीको व्यवस्थापन अर्को व्यवस्था नहुञ्जेलसम्म गाभिएर जाने विद्यालयमा नै करारमा व्यवस्थापन गर्ने वा पालिका भित्रको अन्य आवश्यक विद्यालयमा गाउँ शिक्षा समितिको निर्णयनुसार सरुवा गर्ने सक्ने छ |

## परिच्छेद- ४

## विद्यालय समायोजन सम्बन्धी गाउँपालिका अन्तरगतका निकायको काम

**१०.व्यवस्थापन समितिको कामः**

(१) विद्यार्थी संख्या कम भई विद्यालयमा शिक्षक व्यवस्थापन गर्न असजिलो भएको भनि आफ्नो विद्यालयको सेवा क्षेत्रभित्रका बालबालिकाहरुको पहुँच विद्यालयमा सहज हुने गरी नजिकको विद्यालयमा समायोजन गर्न गाउँशिक्षा समितिलाई सहयोग गर्नु पर्ने छ |सो कार्य सम्बन्धि राय पेश गर्ने तथा विद्यालय समायोजन तथा दरबन्दी मिलान सम्बन्धी कार्यमा सहयोग गर्नु विद्यालय व्यवस्थापन समितिको दायित्व हुनेछ ।

**११.स्रोत व्यक्तिको कामः**

(१) विद्यालय समायोजन तथा दरबन्दी मिलान सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि सरोकारवालाहरूको अन्तर्क्रिया,भेला तथा जागरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

(२) विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघलाई विद्यालय समायोजन तथा दरबन्दी मिलान सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि क्रियाशील बनाउने कार्यक्रम सञ्चालन गरी प्रगती विवरण गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

(३) विद्यालय समायोजन तथा दरबन्दी मिलान सम्बन्धी कार्यक्रम कार्यान्वयन अवस्थाको मासिक रुपमा अनुगमन,सुपरिवेक्षण तथा निरीक्षण गरी र मूल्याङ्कन गरी गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

**१२.वडा समितिको कामः**

(१) विद्यालय समायोजन वा गाभ्ने सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि आफ्नो वडाभित्रका विद्यालयहरूको अवस्था अध्ययन गरी विद्यालय समायोजन र दरबन्दी मिलान सम्बन्धमा बैठक, छलफल र अन्तक्रिया कार्यक्रम सहभागी भै विवरण पेश गर्नुपर्ने

(२) वडा समितिले वडाभित्र विद्यालय समायोजन र दरबन्दी मिलानको अवस्था विश्लेषण गरी विद्यालय समायोजन तथा दरबन्दी मिलान गर्न सहयोग गर्नु पर्नेछ ।

## परिच्छेद- ५

## विविध

१५. निर्देशिकामा संशोधनः गाउँ कार्यपालिकाले सरोकारवाला निकाय वा व्यक्तिहरूको परामर्शमा यस निर्देशिकामा संशोधन गर्न सक्नेछ।

१६. बाझिएमा गर्नेः यस निर्देशिकाको व्यवस्था ऐन तथा नियमावलीसँग बाझिएमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ र गाउँ शिक्षा ऐन २०७५ बमोजिम भएको हुनेछ ।साथै यस निर्देशिका भन्दा पहिला विद्यालय समायोजन तथा दरबन्दी मिलान सम्बन्धि गरिएका कार्यहरु यसै अन्तगर्त भए गरेको मानिने छ |

१७. व्याख्याः यस निर्देशिकामा भएका व्यवस्थाको व्याख्या गाउँपालिकाबाट हुनेछ र गाउँपालिकाबाट भएको व्याख्या नै अन्तिम हुनेछ ।

आज्ञाले

यादवराज आचार्य

प्रमुख प्रशासकीय अधिकृत